# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।१९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

पप्पु कन्स्ट्रक्सनबाट बर्दिया सदरमुकाम गुलरिया र बारबर्दिया नगरपालिका जोड्ने जब्दीघाटको बबई पुल निर्माणमा गुणस्तरहीन सामाग्री प्रयोग भएको, पुल बनाउँदाखेरि नै बाङ्गो देखिएको र (ठेक्का नं.MW/DRO-3/BRP-73-067/068) उद्घाटन नहुँदै भत्किएको भन्ने समेतको व्यहोराको उजुरी निवेदनका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा डिभिजन सडक कार्यालय नेपालगञ्ज र पप्पु कन्स्ट्रक्सन,पोखरिया-७ बीच पुल निर्माणका लागि मिति २०६८।०३।२२ गते सम्झौता भएपछि बर्दिया सदरमुकाम गुलरिया र बारबर्दिया नगरपालिका जोड्ने जब्दीघाटको बबई पुल निर्माणको प्रारम्भिक चरणदेखि अन्तिम चरणसम्मको अवस्थालाई हेर्दा निर्माण अवधिमा संलग्न सबै प्राविधिक कर्मचारीहरुबाट लाईन लेभल तथा Pier Height को सम्बन्धमा भएको गम्भीर लापरवाहीलाई नसच्याई त्रुटीपूर्ण कार्यलाई स्वीकार गरी गुपचुप रुपमा कार्य गरेको,फिल्डको नाँपजाँच हचुवाको भरमा गरेको, Specifications को Clause ११२ बमोजिम नभएको, Specifications को Clause १०४ बमोजिम निर्माण व्यवसायीबाट Quality Assurance Plan(QAP) पेश गर्न लगाई स्वीकृत गरी निर्माण सामाग्रीहरुको गुणस्तर नियन्त्रण प्रभावकारी नभएको तथा गुणस्तर प्रमाणित नभइकन नै भुक्तानी सिफारिस गरेको, Pile हरुको Depth डिजाईन बमोजिम नभएको वा डिजाईन बमोजिम निर्माण नगरेको तथा निर्माण भएको Pile हरुमा समेत Cavities भएको कारणले नै pile ले लोड लिन नसकी पुल भास्सिएको तथ्य प्रविधिक परीक्षण तथा विश्लेषणबाट समेत पुष्टी हुन आयो ।

अतः निर्माण अवधिमा संलग्न सबै प्राविधिक कर्मचारीहरुबाट लाईन लेभल तथा Pier Height को सम्बन्धमा भएको गम्भीर लापरवाहीलाई स्वीकार गरी गुपचुप रुपमा कार्य गरेको देखिँदा उक्त कार्यमा निर्माण व्यवसायी तथा निर्माण अवधिमा संलग्न सम्पूर्ण प्राविधिक कर्मचारीहरुको मिलेमतो भएको पुष्टी हुन आएको हुँदा उक्त कार्यमा संलग्न देहाय बमोजिमका १२ जना ब्यक्तिहरू उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदावी लिइ आज बिशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नाम थर | पद | कार्यालय | बिगो | सजाय मागदावी |
|---|---|---|---|---|---|
| १ | कृष्णदेव यादव | प्रोपाईटर | Everest Engineering Consultant | रू.१,४१,२५०।- | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम |

| सि.न | नाम थर | पद | कार्यालय | विगो | सजाय मागदावी |
|---|---|---|---|---|---|
| २ | भानु जोशी | तत्कालीन डिभिजन प्रमुख | डिभिजन सडक कार्यालय, नेपालगंज | रू.१२५,०००।- | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) बमोजिम |
| | | | | रू.१,९५,८८,४३७।- | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ख),(ग)र (ङ) बमोजिमको कसुरमा अनुसूची "क" बमोजिम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम |
| ३ | मनोज श्रेष्ठ | ,, | ,, | रू.९,२४,२४,०९९।१९ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)र दफा ८(१) को देहाय (ख),(ग)र (ङ) बमोजिमको कसुरमा अनुसूची "क" बमोजिम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम |
| ४ | राजेश कुमार यादव | ,, | ,, | रू.७४,५३,२६९।६३ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ३(१) तथा दफा ३ को उपदफा (१) (ज) बमोजिम |
| | | | | रू.३,१४,१८,९०७।५८ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)र दफा ८(१) को देहाय (ख),(ग)र (ङ) बमोजिमको कसुरमा अनुसूची "क" बमोजिम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम |
| ५ | इ.नवराज के.सी | निमित्त डिभिजन प्रमुख | ,, | रू.६,९२,४६,९२१।६५ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)रदफा ८(१) को देहाय (ख),(ग)र (ङ) बमोजिमको कसुरमा अनुसूची "क" बमोजिम बिगो कायम गरीभ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम |
| ६ | इ.प्रेमप्रसाद चुवाई | इन्जिनियर | ,, | रू.३,१९,३८,५७९।९६ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)र दफा ८(१) को देहाय (ख),(ग)र (ङ) बमोजिमको कसुरमा अनुसूची"क" बमोजिम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम |
| ७ | इ.हरिबहादुर खड्का | ,, | ,, | रू.७,५४,४८,०६१।१५ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)र दफा ८(१) को देहाय (ख),(ग)र (ङ) बमोजिमको कसुरमा अनुसूची"क" बमोजिम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम |

| सि.न | नाम थर | पद | कार्यालय | बिगो | सजाय मागदावी |
|---|---|---|---|---|---|
| ८ | इ.दीपेन्द्रबहादुर विष्ट | ,, | ,, | रू.१,६१,८३,४४५।५२ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)रदफा ८(१) को देहाय (ख),(ग)र (ङ) बमोजिमको कसुरमा अनुसूची"क" बमोजिम बिगो कायम गरी ष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम |
| ९ | कार्मा तेन्जिन तामाङ्ग | सव-इन्जिनियर | ,, | रू.१५,०८,८४,७१३।४० | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)र दफा ८(१) को देहाय (ख),(ग)र (ङ) बमोजिमको कसुरमा अनुसूची"क" बमोजिम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम |
| १० | गोविन्द गैरे | ,, | ,, | रू.१,९५,८८,४३७।०० | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)र दफा ८(१) को देहाय (ख),(ग)र (ङ) बमोजिमको कसुरमा अनुसूची"क" बमोजिम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम |
| ११ | हरिनारायण प्रसाद साह रौनियार | तत्कालिन अध्यक्ष | पप्पु कन्ट्रक्सन प्रा.लि | रू.१९,३२,२५,६९५ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिम |
| १२ | सुमित रौनियार | अध्यक्ष | ,, | रू.१९,३२,२५,६९५ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिम |

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता